# स्थानीय राजपत्र

## रुवी भ्याली गाउँपालिकाद्धारा प्रकाशित

खण्ड) ६ धादिङ, बागमती प्रदेश, नेपाल, ०९ असोज २०७९ साल ( संख्या:२०)

भाग-२

**रूवी भ्याली गाउँपालिकामा विभिन्न पदहरूको अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरूको सेवा सूविधा सम्बन्धि मापदण्ड, २०७९**

**प्रस्तावना** :रूवी भ्याली गाउँपालिकामा विभिन्न पदहरुमा अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड बनाउन वाञ्छनिय भएकोले रूवी भ्याली गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम "रूवी भ्याली गाउँपालिकामा विभिन्न पदहरूको अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) पदपुर्ति समिति" भन्नाले गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त पदमा अस्थायी वा करार सेवामा पदपुर्तिको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार गठन हुने समिति सम्झनु पर्दछ ।

(ख) “गाउँ कार्यपालिका" भन्नाले रूवी भ्याली गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) गाउँपालिका" भन्नाने रूवी भ्याली गाउँपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सेवा सुविधा सम्बन्धि व्यवस्था

**३. परिक्षा संचालन, प्रश्नपत्र तयारी र परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि व्यवस्था:**

(१) प्रश्नपत्र तयारी र लिखित परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ ।

(क) प्रति विषय प्रश्नपत्र तयारी विषयगत रु.५०००/- र बस्तुगत रु.२५००/-

(ख) केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह— रु. ५००/- प्रतिघण्टा

(ग) सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतिय वा सो सरह वा ना.सु वा सो सरहा- रु. ३००/- प्रतिघण्टा

(ग) निरीक्षक (ना.सु. वा खरिदार वा सो सरह - रु.२००/- प्रतिघण्टा

(घ) कार्यालय सहयोगी- रु. १००/- प्रतिघण्टा

(ङ) सुरक्षाकर्मी- रु. १००/- प्रतिघण्टा

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई ६ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

(३) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि भत्ता सुविधा देहाय बमोजिम हुनेछ :

(क) संयोजक (राजपत्रांकित वा सो सरह)- रु.१०००/- प्रति सिफ्ट

(ख) सदस्य (राजपत्रांकित वा सो सरह)- रु.८५०/- प्रति सिफ्ट

ग) विषय विशेषज्ञ रु.८५०/- प्रति सिफ्ट

(घ) सहयोगी कर्मचारी (ना.सु. वा खरिदार वा सो सरह रू. ५००/- प्रतिसिफ्ट

(ङ) कार्यालय सहयोगी रु.३००/- प्रतिसिफ्ट

(च) सुरक्षाकमी. रू.३००/- प्रति सिफ्ट

**स्पष्टिकरण**: प्रतिसिफ्टमा तीन घण्टाको समयलाई बुझाउनेछ ।

(४) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई ६ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

**४. उम्मेदवारको लिखित परीक्षाको उत्तर पुस्तिका जाँच गर्ने परीक्षकले प्राप्त गर्ने सुविधाः**

(१)पुस्तिका जांचको लागि राजपत्रवित वा सो सरहको कर्मचारीलाई खटाइनेछ ।

(२) उत्तर पुस्तिका जाच गर्ने परिवेक्षकले प्रति उत्तर पुस्तिका भए रु.५०/- र बस्तुगत भए रु.२५/- प्राप्त गर्नेछ ।

**५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधा :**

(१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसार बैठक भत्ता बापत रकमको प्रति बैठक रु.१५००/- प्राप्त गर्नेछन् ।

(२) परीक्षा संचालन बापत भुक्तानी हुने विभिन्न भत्ता रकममा नियमानुसार १५% पारीश्रमिक करकट्टी गरी भुक्तानी गरिनेछ ।

**६. यसै बमोजिम भएको मानिनेः**

(१) यो मापदण्ड बन्नुपूर्व पदपूर्ति सम्बन्धमा भएका कार्यहरु यस बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ ।

**आज्ञाले,**
**नविन कुमार गोले**
**प्रमुख प्रशासकीय अधिकृत**